वर्ष ५, अंक २ अप्रिल-जुन, २०२०

# काठमाण्डौ पानी

त्रैमासिक बुलेटिन

नेपाल सरकार, मेलम्ची खानेपानी उपआयोजना-२ आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

*खानेपानी, सरसफाइ तथा फोहर पानी व्यवस्थापनमा सुधार • विकसित समाज, सुन्दर र सक्षम सहरको आधार*

## निर्देशनालयको सन्देश



कोरोनाभाइरस महामारी र यसलाई नियन्त्रण गर्न लागू गरिएको बन्दाबन्दी (lockdown) का बिच काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयले नेपाल सरकारको नीति बमोजिम कार्यरत जनशक्ति र स्थानीय समुदायहरूको स्वास्थ्य तथा सुरक्षालाई केन्द्रमा राखी उपत्यकामा मेलम्ची आयोजनाका खानेपानी आपूर्ति तथा फोहर पानी व्यवस्थापन संरचनाहरूको निर्माण, सफाइ तथा संचालनक्षमता परीक्षणका कार्यहरू (flushing, testing and commissioning works) लाई गति दिइरहेको छ। निर्देशनालयले वितरण संजाल सुधार (DNI) अन्तर्गत उपत्यकाभित्र खानेपानीका पाइपहरू बिछ्याउने, river crossing, tick drain, valve chamber हरू बनाउने लगायतका कार्यहरू गरिरहेको छ। बन्दाबन्दीकै अवधिमा DNI को प्याकेज १ अन्तर्गत दरबारमार्ग, पुतलीसडक क्षेत्रमा क्रसिङको काम सम्पन्न गर्न निर्देशनालय सफल भएको छ।

निर्देशनालयले उपत्यकाका ९ स्थानमा १० पानीपोखरीहरू (कूल क्षमता ७४,५०० घनमिटर) निर्माण गर्नुपर्नेमा ९ वटाको निर्माण सम्पन्न गरिसकेको छ। हाल कटुन्जेमा पानीपोखरीको निर्माण भइरहेको छ। विगतमा कपन क्षेत्रमा खानेपानीको पाइप बिछ्याउने कार्यले गति लिन नसकेकोमा स्थानीय सरोकारवालाहरूसँग सघन छलफल गरी पाइप बिछ्याउने कार्यलाई गति दिन निर्देशनालय सफल भएको छ।

यसै अवधिमा निर्देशनालयले फोहर पानी व्यवस्थापन संरचनाहरूको निर्माण तथा संचालनको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ। गुह्येश्वरीमा अत्याधुनिक, वातावरण-मैत्री फोहर पानी प्रशोधन केन्द्रको निर्माण सम्पन्न भइसकेको छ। हाल उक्त केन्द्रको performance indicator testing तथा acceptance certification को कार्य भइरहेको छ। केन्द्रबाट बायोग्यास, बायोसलिडस तथा प्रशोधित पानी (effluent) को उत्पादन भइरहेको छ। निर्देशनालयले बायोग्यासलाई विद्युतमा रूपान्तरण गर्न आवश्यक तयारी गरिरहेको छ। यसै अवधिमा खस्याङखुसुङ नदी किनारमा ढलको पाइप बिछ्याउने कार्य सम्पन्न भएको छ। कोरोनाभाइरस महामारी र यसलाई नियन्त्रण गर्न लागू गरिएको बन्दाबन्दीका कारण निर्देशनालयलाई आवश्यक यन्त्र तथा उपकरणहरू तथा निर्माण सामग्रीहरूको उत्पादन/आपूर्तिमा असर परेको छ। निर्देशनालयले कार्यरत जनशक्तिको स्वास्थ्य तथा सुरक्षाको प्रबन्ध गरी उपयुक्त संख्यामा जनशक्ति परिचालन गरी निर्माण कार्यहरू संचालन गरिरहेको छ। सानो असावधानीका कारण समेत संक्रमण फैलिन सक्ने हुँदा निर्देशनालयले सम्बद्ध अधिकारीहरू तथा विषयविज्ञहरू परिचालन गरी निर्माणस्थलहरूमा कार्यरत जनशक्तिको स्वास्थ्य तथा सुरक्षाको स्थितिको निरन्तर अनुगमन गरिरहेको छ।

निर्देशनालयका कार्यहरूप्रति उत्सुकता जनाउँदै निर्माणस्थलहरूमा उच्चस्तरीय भ्रमणहरू हुने गरेका छन्। यसै क्रममा हालै माननीय खानेपानी मन्त्री बिना मगरले गुह्येश्वरीस्थित फोहर पानी प्रशोधन केन्द्र तथा खुमलटारस्थित पानीपोखरीको भ्रमण गरी त्यहाँ भइरहेको कार्यप्रगतिबारे जानकारी लिनुभयो। यस्ता महत्वपूर्ण भ्रमणहरूले निर्देशनालयलाई अझ कर्मठ भइ कार्य गर्न प्रेरणा दिने विश्वास हामीले लिएका छौं।

**भोज विक्रम थापा**
आयोजना निर्देशक



■ *गुह्येश्वरीमा अवस्थित अत्याधुनिक, वातावरण-मैत्री फोहर पानी प्रशोधन केन्द्र। हाल यस केन्द्रको performance indicator testing तथा acceptance certification को कार्य भइरहेको छ।*

## खानेपानी सेवामा सुधार, फोहर पानीको प्रभावकारी व्यवस्थापन

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयले खानेपानी सेवा तथा फोहर पानी व्यवस्थापनमा सुधार गर्ने उद्देश्य लिइ उपत्यकामा मुख्यतः दुइ आयोजना संचालन गरिरहेको छ।

- **काठमाण्डौ उपत्यका खानेपानी आपूर्ति आयोजनाः** सन् २०११ मा नेपाल सरकारको लगानी र एशियाली विकास बैंकको ऋण सहयोगमा यो आयोजनाको शुरूवात गरिएको हो । काठमाण्डौ उपत्यकामा भरपर्दो, समानतामा आधारित र दिगो आपूर्ति प्रणालीको निर्माण गर्नु यसको मुख्य उद्देश्य हो। प्रथम चरणमा यस आयोजनाले चक्रपथभित्रका १,०२,५७४ घरधुरीमा शुद्ध, सफा खानेपानी आपूर्ति गर्ने लक्ष्य लिइ आफ्ना कार्यहरू संचालन गरिरहेको छ। आयोजना अन्तर्गत निम्न संरचनाहरू रहेका छन्: क) ८२ कि.मि लामो थोक वितरण प्रणाली ख) १० वटा पानीपोखरीहरू (कूल भण्डारण क्षमता: ७४,५०० घन मिटर) ग) १,१२६ कि.मि लामो वितरण संजाल सुधारको पाइपलाइन।
- **काठमाण्डौ उपत्यका फोहर पानी व्यवस्थापन आयोजनाः** सन् २०१३ मा नेपाल सरकार, एशियाली विकास बैंक र ओपेक कोषको आर्थिक स्रोत परिचालन गरी आयोजना शुरू गरिएको हो। यस अन्तर्गत हनुमन्ते, मनोहरा र खस्याङखुसुङ नदीका दुबै किनारमा ४५ कि.मि ढलका पाइपहरू बिछ्याउने लक्ष्य रहेको छ। आयोजनाको प्रथम चरणमा गुह्येश्वरी, धोबीघाट, बालकुमारी तथा सल्लाघारीमा प्रतिदिन कूल १३ करोड ८१ लाख लिटर प्रशोधन क्षमता भएका फोहर पानी प्रशोधन केन्द्रहरूको निर्माण गरिनेछ।

# खानेपानी आपूर्ति संरचनाहरूको प्रगतिको अवस्था

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयले उपयुक्त संख्यामा जनशक्ति परिचालन गरी, पेशागत स्वास्थ्य तथा सुरक्षाको उचित प्रबन्ध गरी खानेपानी आपूर्ति संरचनाहरूको निर्माण, सफाइ तथा संचालनक्षमता (commissioning) को परीक्षण कार्यलाई बन्दाबन्दीको अवधिमा पनि निरन्तरता दिइरहेको छ।

भक्तपुरको टिगनीदेखि निलवाराही मन्दिरसम्म थोक वितरण प्रणालीको पाइप बिछ्याउने कार्य सामाजिक विवादका कारण रोकिएकोमा निर्देशनालयले स्थानीय समुदायहरू र वडा कार्यालयसँग छलफल गरी पाइप बिछ्याउने कार्य गरिरहेको छ।

जग्गा विवादका कारण लामो समयदेखि रोकिएको पाइप बिछ्याउने कार्यलाई निर्देशनालयले स्थानीय जनताका विकाससम्बन्धी थप आवश्यकताहरू पुरा गरी गति दिइरहेको छ। कटुञ्जेमै निर्देशनालयले पानीपोखरी निर्माण गरिरहेको परिप्रेक्ष्यमा स्थानीय समुदायहरूको निर्देशनालयका कार्यहरूप्रति सहयोग तथा सद्भाव अभिवृद्धि गर्नका लागि यो कार्य संचालन गरिएको हो।

निर्देशनालयले उपत्यकामा १० पानीपोखरी निर्माण गर्नुपर्नेमा ९ पानीपोखरीको निर्माण सम्पन्न गरिसकेको छ, कटुञ्जेमा १० औं पानीपोखरीको निर्माण गरिरहेको छ। जग्गा विवाद समाधान भइसकेपछि drainage को washout को निर्माण कार्य सुचारू छ। यसै क्षेत्रमा backpacking को कार्यसमेत भइरहेको छ। थोक वितरण प्रणाली अन्तर्गत बाँसबारी क्षेत्रमा पाइलिङ (piling) लगायतका निर्माण कार्यहरू सुचारू छन्।

बन्दाबन्दीकै अवधिमा वितरण संजाल सुधारको प्याकेज १ अन्तर्गत निर्देशनालयले दरबारमार्ग, पुतलीसडक क्षेत्रमा क्रसिङ (crossing) को काम सम्पन्न गरेको छ। काठमाण्डौको जयनेपाल क्षेत्रमा तथा चारखाल-पानीपोखरी क्षेत्रमा खानेपानीको पाइपलाइन बिछ्याउने कार्य भइरहेको छ। कमलपोखरी क्षेत्रमा पाइपलाइन बिछ्याउने कार्य सम्पन्न भइसकेको छ।

यसै अवधिमा वितरण संजाल सुधारको प्याकेज ७ मा पनि सन्तोषजनक प्रगति हासिल भएको छ, crossing, pipeline को निर्माण कार्य अघि बढिरहेको छ। प्याकेज ७ अन्तर्गत खुशिबुमा टिक ड्रेन (tick drain) निर्माण कार्य भइरहेको छ, भवानीमण्डलमा भल्भ च्याम्बर निर्माण भइरहेको छ। यसै गरी प्याकेज ९ ए १ अन्तर्गत कपनमा पाइप बिछ्याउने कार्य जारी छ। यस प्याकेज अन्तर्गत साप्रेढुङ्गादेखि चुनिखेलसम्म DI तथा HDPE पाइप बिछ्याउने कार्य सम्पन्न भइसकेको छ। यसै अवधिमा आकाशेधारामा DI पाइप तथा सिद्धिविनायक टोलमा HDPE पाइप बिछ्याउने कार्य जारी छ। सिमलटार क्षेत्रमा करिब २०० मिटर DI पाइप तथा २५० मिटर HDPE पाइप बिछ्याउने कार्य सम्पन्न भइसकेको छ।

बालाजुमा निर्माण गरिएको पानीपोखरी जोड्ने सडक (approach road) को ढलानका साथै drainage निर्माणको कार्य भइरहेको छ।

यसै अवधिमा निर्देशनालयले विद्यमान आपूर्ति प्रणालीमार्फत् मेलम्चीको प्रशोधित खानेपानी कीर्तिपुर, मध्यपुर थिमि र भक्तपुरमा आपूर्ति गर्नको लागि आवश्यक तयारी गरिरहेको छ।

## खानेपानी मन्त्रीद्वारा पानीपोखरीको अवलोकन



*खुमलटारस्थित पानीपोखरीको निरीक्षण गर्नुहुँदै माननीय खानेपानी मन्त्री बिना मगर। साथमा आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना निर्देशक भोज विक्रम थापा र अन्य सम्बद्ध पदाधिकारीहरू।*

माननीय खानेपानी मन्त्री बिना मगरले असार ३, २०७७ गते खुमलटार, ललितपुरमा अवस्थित आधुनिक पानीपोखरीको अवलोकन भ्रमण गर्नुभयो। उक्त अवसरमा आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना निर्देशक भोज विक्रम थापाले मन्त्री मगरलाई उपत्यकाका ९ स्थानहरूमा कूल ७४,५०० घनमिटर भण्डारण क्षमता भएका १० पानीपोखरीहरूको निर्माण गर्नुका साथै निर्देशनालयले मेलम्ची आयोजनाका पूर्वाधारहरूको निर्माणकर्ता सरकारी निकायको रूपमा उपत्यकामा खानेपानी आपूर्ति सुधार र फोहर पानी व्यवस्थापनको क्षेत्रमा संचालन गरेका मुख्य गतिविधिहरू तथा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरूबारे संक्षिप्त जानकारी गराउनुभएको थियो। मन्त्री मगरले निर्देशनालयलाई मेलम्ची आयोजनासम्बद्ध संरचनाहरूको निर्माणलाई तिव्रता दिइ उपत्यकावासीलाई मेलम्ची आयोजनाको प्रथम चरण अन्तर्गत मेलम्ची खोलाको शुद्ध, सफा, प्रशोधित खानेपानी आपूर्ति गर्ने युगान्तकारी कार्यलाई जतिसक्दो छिटो सम्पन्न गर्न निर्देशन दिनुभएको थियो।

### काठमाडौं उपत्यका खानेपानी आपूर्ति सुधार आयोजना: हालसम्मको प्रगति विवरण

| | निर्माण कार्य | लक्ष्य | इकाइ | प्रगति |
|---|---|---|---|---|
| १. | थोक वितरण प्रणालीको पाइपलाइन | ८२ | कि.मि | ७८ |
| २. | थोक वितरण प्रणालीको सफाइ तथा परीक्षण | ८२ | कि.मि | ६६ |
| ३. | पानीपोखरीहरू* | १० | वटा | ९.२ |
| ४. | वितरण संजाल | ११२६ | कि.मि | १०७६ |
| ५. | घरधारा जडान | १,१२,२५५ | वटा | ७९,३६५ |

* *पानीपोखरीहरूको कुल क्षमता: ७४,५०० घनमिटर (प्रगति: ९७.९२%)*

## चक्रपथभित्र छुट भएका क्षेत्रमा पाइप बिछ्याइने

विगतमा आर्थिक अभावका कारण उपत्यकाको चक्रपथभित्रका केही स्थानहरूमा खानेपानीको पाइपलाइन बिस्तार गर्न नसकिएकोमा ती क्षेत्रहरूमा पनि पाइपलाइन बिस्तार गरी मेलम्ची खोलाको शुद्ध, सफा, प्रशोधित खानेपानी आपूर्ति गर्नका लागि विभिन्न प्याकेजहरू अन्तर्गत अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक ठेक्का (international competitive bidding) प्रक्रिया शुरू गरिएको छ।

थोक वितरण प्रणाली-०५ (BDS-05) अन्तर्गत सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रदेखि चाबहिल चोकसम्म १६०० देखि १८०० मिलिमिटर व्यासका पाइप बिछ्याउनको लागि बोलपत्र आह्वान गरिएको छ।

वितरण संजाल सुधार (Distribution Network Improvement) को प्याकेज 7B, 7C and 9A अन्तर्गत पाइप बिछ्याउने कार्यका लागि पनि बोलपत्र आह्वान गरिसकिएको छ।

DNI-7B ले टंकेश्वर, बाफल, डल्लु, स्वयंभूनाथ, गोंगबु बस पार्क/मित्रनगर र सोह्रखुट्टे क्षेत्र समेट्नेछ। यस अन्तर्गत ९ कि.मि ductile iron (DI) pipe, २८.५ कि.मि high-density polythene (HDPE) पाइप बिछ्याइनेछ।

DNI-7C अन्तर्गत लैनचौर, गैरीधारा, लाजिम्पाट, हाँडीगाउँ, चण्डोल, टुसाल, गैरीगाउँ, सामाखुशी, महाराजगंज, रानीबारी र गल्कोपाखा क्षेत्र समेट्ने गरी ४.५ कि.मि DI पाइप तथा २५८ कि.मि HDPE पाइप बिछ्याइनेछ। DNI-9A अन्तर्गत मण्डिखाटार र चाबहिल क्षेत्रमा ३.२४७ कि.मि DI मा पाइप तथा ७०.६०४ कि.मि HDPE पाइप बिछ्याइनेछ। विभिन्न राष्ट्रिय दैनिकहरू तथा bolpatra.gov.np मा यस सम्बन्धी सूचना प्रकाशित गरिसकिएको छ।

# गुह्येश्वरी फोहर पानी प्रशोधन केन्द्रको पूर्ण संचालनको तयारी

आयोजना कार्यान्वयन निर्देशनालयले गुह्येश्वरीस्थित अत्याधुनिक, वातावरणमैत्री फोहर पानी प्रशोधन केन्द्रको निर्माण सम्पन्न गरी performance indicator testing तथा acceptance certification को कार्य गरिरहेको छ। गुह्येश्वरीमै अवस्थित पुरानो प्रशोधन केन्द्रको पुनर्स्थापन गरी संचालनमा ल्याइसकिएको छ। अत्याधुनिक र पुरानो केन्द्रको कूल दैनिक प्रशोधन क्षमता ३.२४ करोड लिटर रहेको छ। वागमती नदीको उपल्लो तटीय गोठाटार, जोरपाटी र बौद्ध क्षेत्रबाट पाइपहरूमार्फत् ल्याइएको फोहर पानीलाई केन्द्रमा स्थानान्तरण गरी प्रशोधन गरिन्छ। उक्त केन्द्रबाट १) प्रशोधित पानी (effluent) २) बायोग्यास तथा ३) बायोसलिडस (biosolids) को उत्पादन भइरहेको छ।

**प्रशोधित पानी**: गुह्येश्वरी र पशुपति क्षेत्रको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वलाई ध्यानमा राखी प्रशोधित पानीको गुणस्तर उच्च राख्न प्रयास गरिएको छ। निर्देशनालयले प्रशोधन केन्द्रबाट निष्कासन हुने पानीको गुणस्तरका सूचकहरू (parameters) मापन गरी, तोकिएको गुणस्तर कायम गरेर मात्र प्रशोधित पानी वागमती नदीमा मिसाउने गरेको छ। प्रशोधित पानी वागमती नदीमा प्रवाहित हुँदा तल्लोतटीय क्षेत्रको नदीजन्य वातावरणमा सुधार आउने अपेक्षा गरिएको छ। प्रशोधन केन्द्रमा जडित दुर्गन्ध न्यूनीकरण इकाइ (deodorisation unit) ले फोहर पानी प्रशोधनका बेला उत्पन्न हुने गन्ध नाश गर्छ।

**बायोग्यास**: केन्द्रमा उत्पादित बायोग्यासलाई ऊर्जामा रूपान्तरण गर्न निर्देशनालयले आवश्यक तयारी गरिरहेको छ। उत्पादित ऊर्जाले केन्द्र संचालनका लागि आवश्यक ऊर्जाको आंशिक आपूर्ति गर्नेछ।

**कृषि मल**: प्रशोधन केन्द्रबाट उत्पादित biosolids लाई मलको रूपमा प्रयोग गर्न सकिन्छ।

अगस्ट १, २०१६ मा VATECH WABAG LIMITED, INDIA ले यस प्रशोधन केन्द्रको निर्माणको शुरूवात गरेको थियो। निर्माता कम्पनीले १० वर्षसम्म यस प्रशोधन केन्द्रको संचालन तथा मर्मत संभार गरी सरकारलाई हस्तान्तरण गर्नेछ। यस अवधिमा स्वदेशमै केन्द्र संचालन गर्न आवश्यक जनशक्ति तयार गर्ने योजना रहेको छ।

## केन्द्रका मुख्य विशेषताहरू

**कूल प्रशोधन क्षमता (दैनिक)**: ३.२४ करोड लिटर

**लाभान्वित क्षेत्र**: ९९४.९ हेक्टर (गोठाटार, बौद्ध, जोरपाटी आदि)

**प्रशोधन प्रक्रिया**: Activated Sludge Process र Automatic Control भएको

**ऊर्जा उत्पादन**: ३०० किलोवाट/घण्टा

**मल उत्पादन**: दैनिक ७ टन

*दुर्गन्ध न्यूनीकरण इकाइ जडित*



*गुह्येश्वरी प्रशोधन केन्द्रबाट उत्पादित प्रशोधित पानी। प्रशोधित पानीले वागमती नदीलाई सफा पार्न सहयोग गर्ने अपेक्षा गरिएको छ।*



*प्रशोधन केन्द्रबाट उत्पादन भएको बायोग्यास प्रयोग गरी फ्लेयर बालिँदै। बायोग्यासलाई बिजुलीमा रूपान्तरण गर्ने तयारी भइरहेको छ।*



*प्रशोधन केन्द्रमा उत्पादन भएको बायोसलिडस। यसलाई कृषि मलको रूपमा प्रयोग गर्न सकिन्छ।*

## अन्य प्रशोधन केन्द्रहरूको निर्माणमा उपलब्धिमूलक प्रगति

Treatment Plant-02 (TP-02) प्याकेज अन्तर्गतका धोबीघाट, बालकुमारी तथा सल्लाघारीस्थित फोहर पानी प्रशोधन केन्द्रहरूका सिभिल संरचनाहरूको निर्माणमा पनि सन्तोषजनक उपलब्धि हासिल भएको छ। महामारीको बेला निर्माण सामग्रीहरूको अपर्याप्तता तथा सीमित संख्यामा जनशक्ति परिचालन गर्नुपर्ने बाध्यताका बिच TP-02 ले २२% भौतिक प्रगति हासिल गर्न सफल भएको छ।

## ललितपुरको मुख्य शहरी क्षेत्रमा संयुक्त ढल (combined sewer) संजाल निर्माण गरिँदै

बन्दाबन्दीकै अवधिमा ढल संजाल-०३ (Sewer Network-03, SN-03) को संझौता सम्पन्न भइ निर्माण कार्य शुरू भएको छ। SN-03 अन्तर्गत बालकुमारी, पाटन दरबार र शंखमूल क्षेत्र समेटने गरी संयुक्त ढल संजाल अर्थात् combined sewer network को निर्माण गरिनेछ। ललितपुर महानगरपालिकाको आग्रहमा आयोजना कार्यान्वयन निर्देशनालयले ललितपुर महानगरको मुख्य भाग (पाटन दरबार, शंखमूल र बालकुमारी क्षेत्र) मा रहेको ढल संजाल (sewer network) को पुनर्स्थापन सम्बन्धमा संभाव्यता अध्ययन गरेको थियो। ढल व्यवस्थापनका साथै खासगरी वर्षाकालमा त्यस क्षेत्रमा देखिने waterlogging को समस्या समाधानका लागि निर्देशनालयले संयुक्त ढल संजाल पुनर्स्थापनको विस्तृत डिजाइन तयार गरेको थियो। निर्देशनालय तथा ललितपुर नगरपालिकाको आर्थिक स्रोत परिचालन गरी यो आयोजना कार्यान्वयन गरिनेछ।

# कोरोनाभाइरस महामारी: कामदारको स्वास्थ्यमा नो कम्प्रोमाइज

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री इश्वर पोखरेलको अध्यक्षतामा बसेको उच्चस्तरीय कोरोनाभाइरस रोकथाम तथा नियन्त्रण समन्वय समितिको चैत्र २०, २०७६ मा बसेको १६ औं बैठकले विकास-निर्माण आयोजनाहरू र अन्य अत्यावश्यक सेवा/उद्योग/कलकारखानाहरूलाई स्वास्थ्य तथा सुरक्षाका उपायहरू अवलम्बन गरी संचालन गर्न दिने निर्णय गरेको थियो। कामदारहरू बाहिर रहेका परिवारका सदस्यहरू तथा अन्य व्यक्तिहरूको सम्पर्कमा आउन नपाउने, कार्यस्थलमा न्यूनतम भौतिक दूरी कायम गर्नुपर्ने आदि व्यवस्था समितिले गरेको थियो। समितिको निर्णय अनुसार निर्माण कार्यहरू अघि बढाउन आयोजना कार्यान्वयन निर्देशनालयले आयोजना निर्देशक अन्तर्गत रहने गरी जेठ ०७, २०७७ गते समिति गठन गरेको थियो।

## अनुगमन संयन्त्र

निर्देशनालयका आयोजना उप-निर्देशक तथा सूचना अधिकारी, सुरक्षण इकाइका प्रमुख, आयोजना प्रबन्धकहरू र पेशागत स्वास्थ्य तथा सुरक्षाविद क्रमश: संयोजक, सदस्य-सचिव, सदस्यहरू तथा आमन्त्रित सदस्यको रूपमा रहेको यस समिति (COVID-19 Committee) ले आयोजना निर्देशकको निर्देशन अनुरूप निर्माणस्थल तथा श्रम शिविरहरूको संचालनका लागि निर्देशिका (standard operating procedure) जारी गरेको छ। समितिले डिजाइन सुपरभिजन कन्सल्टयान्ट-०५, डिजाइन सुपरभिजन कन्सल्टयान्ट-०६ र सामुदायिक सचेतना तथा सुरक्षा सहयोग परामर्शदातासँग सम्बद्ध विज्ञहरू सहितको संयन्त्र गठन गरी कोरोनाभाइरसको निदान, संक्रमणको रोकथाम तथा संक्रमितको



उपचारका लागि गरिएका व्यवस्थाहरूको निरन्तर अनुगमन तथा रिपोर्टिङ गरिरहेको छ।

## प्रवेशद्वारमा कडाइ

निर्देशिकाले निर्माणस्थल प्रवेशद्वारमै निर्माण व्यवसायीले आगन्तुकहरूको तापक्रम मापन गर्ने, स्यानिटाइजर उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। आवश्यक सामग्रीहरू खरिद गर्न निर्माणस्थलमा कार्यरत व्यक्ति बाहिर जानुपर्छ। निर्माणस्थलमा प्रवेश गर्दा स्थानीय समुदायबाट उक्त व्यक्ति हुँदै निर्माणस्थलमा कोरोनाभाइरस फैलिने वा व्यक्ति संक्रमित भएको भए स्थानीय समुदाय जोखिममा पर्ने हुँदा तोकिएका व्यक्तिलाई मात्र किनमेलका लागि बाहिर जान दिइने व्यवस्था छ।

## संकेत चिन्ह र सरसफाइ

प्रवेशद्वारहरू, जमघट हुने स्थानहरू र कार्यालयहरूमा निर्माण व्यवसायीले नेपाली भाषामा संकेत चिन्हहरू राख्नुपर्नेछ जसमा कोरोनाभाइरस सम्बन्धी अद्यावधिक जानकारी समावेश हुनुपर्नेछ। ढोकाका ह्याण्डलहरू, जमघट हुने क्षेत्रहरू र शौचालयहरूबाट पनि कोरोनाभाइरस फैलिन सक्ने हुँदा ती स्थानहरू नियमित रूपमा सफा गर्नुपर्नेछ।

## कोभिड अधिकृत

कामदारहरूमा कोरोनाभाइरस संक्रमणको निगरानी गर्न निर्माण व्यवसायीले निर्माणस्थलका लागि COVID-19 Officer तोक्नुपर्ने व्यवस्था छ। COVID-19 Officer ले ज्वरो, सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, घाँटी दुख्ने जस्ता लक्षणहरूको अनुगमन गरी दैनिक प्रतिवेदन बुझाउनुपर्नेछ। कार्यस्थलमा सरसफाइका साधनहरू र व्यक्तिगत सुरक्षाका साधनहरू (PPE) पर्याप्त मात्रामा उपलब्ध हुनुपर्छ, फोहर व्यवस्थापन गरिएको हुनुपर्छ। कामदारहरूलाई PPE प्रदान गरिनुपर्छ।

## अनुगमन तथा रिपोर्टिङ

आयोजना निर्देशकको निर्देशन बमोजिम COVID-19 Committee ले निर्देशनालयका अधिकारीहरू, डिजाइन सुपरभिजन कन्सल्टयान्ट-०५ र ०६ तथा सामुदायिक सचेतना तथा सुरक्षा सहयोग परामर्शदातासँग सम्बद्ध विज्ञहरू परिचालन गरी निर्देशिका कार्यान्वयनको नियमित अनुगमन गर्ने तथा निर्देशनालयलाई प्रतिवेदन बुझाउनुपर्नेछ। सम्बद्ध टोलीहरूले निर्माणस्थलहरूको भ्रमण गरी कामदारहरूको स्वास्थ्य तथा सुरक्षाबारे प्रतिवेदन बुझाइ निर्देशनालयको कार्यस्थलमा कार्यरत जनशक्तिको स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गरेका छन्।

## बन्दाबन्दीमा खानेपानी आपूर्ति संरचनाको निर्माणमा भएको प्रगति

| प्याकेज | विवरण |
|---|---|
| BDS-0 | ▪ आरूबारी चोकमा च्याम्बर निर्माण, जगडोल, आरूबारी र महाँकालमा स्ल्याब राख्ने काम |
| BDS-01 | ▪ बाँसबारीमा पाइपलाइनको लागि पाइलिङको कार्य तथा बक्स सपोर्टको निर्माण |
| | ▪ नारायण गोपाल चोकमा चुहावट मर्मतका कार्य |
| | ▪ न्युरो अस्पताल, बाँसबारीनिर थ्रस्ट ब्लक तथा पाइप इनकेसिङको कार्य |
| | ▪ बल्खुदेखि सिता पेट्रोल पम्पसम्म ४५० मिटर पाइप बिछ्याइएको |
| BDS-02 | ▪ खुमलटार पानीपाखरी वरिपरि पर्खाल निर्माण (इटा तथा प्लास्टर) तथा ड्रेनेज निर्माण |
| | ▪ पानीपोखरी (पानीपोखरी) मा एप्रोन तथा गार्ड हाउस/पम्प हाउसमा रङ लगाउने कार्य |
| | ▪ अनामनगरस्थित ट्यांकीमा च्याम्बर स्ल्याब निर्माण कार्य |
| BDS-03 | ▪ बालाजु पानीपोखरीतर्फ जाने approach road मा कंक्रिट पेभमेन्ट बनाउने कार्य, बालाजु पानीपोखरीमा turfing को कार्य |
| BDS-04 | ▪ सूर्यविनायक सडकमा ६०० मिलिमिटर व्यासका ३०० मिलिमिटर लम्बाइ भएका RCC ह्युम पाइप बिछ्याउने कार्य |
| | ▪ घलाती सर्भिस लेन सडकमा sub-base सम्बन्धी कार्य (लम्बाइ करिब १५० मिलिमिटर) |
| | ▪ कीर्तिपुर पानीपोखरीमा outlet र inlet भल्भ तथा fittings जडान गरिएको |
| DNI 1 | ▪ टुकुचामा bridge crossing को कार्य, पुतलीसडकमा crossing को कार्य |
| | ▪ पुतलीसडकमा बल्क मिटर च्याम्बर निर्माण सम्पन्न (१ वटा) |
| | ▪ काठमाण्डौ प्लाजा, कृष्ण पाउरोटी सडक, घण्टाघरमा interconnection को कार्य |
| | ▪ कमलपोखरी, महालक्ष्मीस्थान, सातदोबाटो, एन्फा (सातदोबाटो), भोटेबहाल, नागपोखरी (८०० मिटर) पाइपलाइन बिछ्याउने तथा चाप परीक्षण कार्य |
| | ▪ चापागाउँ दोबाटोमा फुटपाथ पुनर्स्थापन (४०० मिटर) तथा विद्यमान २०० मिलिमिटर व्यासको DI पाइपसँग जोडने कार्य |
| DNI 2 | ▪ धोबीखोला करिडोरमा DI pipe पुन: बिछ्याउने कार्य (४०० मिटर) तथा पुरानो वानेश्वरमा chamber raising को कार्य (५ वटा) |
| | ▪ DMA 5+B47.2 को लागि GI connection को कार्य, वानेश्वरमा वितरण संजाल सुधार ३ अन्तर्गत ३०० मिटर पाइप पुन: बिछ्याउने कार्य |
| DNI 3 | ▪ डिएमए ८.१ मा ३०० मिलिमिटर व्यासको ४० मिटर लामो पाइप बिछ्याउने कार्य |
| DNI 7a | ▪ बल्खु-कालीमाटी सडक, रविभवन, भद्रकाली-मैतीदेवी-थापाथली सडकमा २.५ कि.मि पाइप बिछ्याउने कार्य, District Metering Area ५.२ मा GI connection को कार्य |
| DNI 9a | ▪ साप्रेढुङ्गा, चुनिखेल, सिमलटार, आकाशेधारामा DI र HDPE पाइप बिछ्याउने कार्य |
| Integration | ▪ खुमलटार पानीपोखरीदेखि एकान्तकुना चोकसम्म बिछ्याइएको नयाँ पाइपसँग विद्यमान पाइपलाइन जोडने कार्य, टोखामा पाइप बिछ्याउने कार्य |

### खानेपानी आपूर्ति प्रणालीको संचालनक्षमताको परीक्षण

- अनामनगर पानीट्यांकीदेखि वितरण संजाल सुधार ४.१.२ सम्म पाइपलाइन disinfection को कार्य
- वितरण संजाल सुधार १ को ७.२ कि.मि पाइपको अल्पकालीन परीक्षणको कार्य

## बन्दाबन्दीमा फोहर पानी व्यवस्थापन संरचनाको निर्माणमा भएको प्रगति

| ठेक्का प्याकेज KUKL/WW/... | | ठेक्का शुरू मिति | प्रगति |
|---|---|---|---|
| TP-01 | गुह्येश्वरी फोहर पानी प्रशोधन केन्द्र | अगष्ट १, २०१६ | **समग्र प्रगति: ९९.३५%** |
| TP-02 | सल्लाघारी, कोडकु र धोबीघाट | मे ७, २०१७ | **समग्र प्रगति: २१.०७%** |
| TP-03 | धोबीघाट फोहर पानी प्रशोधन केन्द्र | मार्च २५, २०१८ | **समग्र प्रगति: १७.७६%** |
| IS-01 | हनुमन्ते इन्टरसेप्टर | मे ३, २०१६ | **समग्र प्रगति: ४६.९%** |
| IS-02 | मनोहरा इन्टरसेप्टर | नभेम्बर २, २०१६ | **समग्र प्रगति: ४२.९६%** |
| IS-03 | खस्याङखुसुङ कलेक्टर्स | डिसेम्बर १५, २०१७ | **समग्र प्रगति: ९७%** |
| EG-01 | ढल सफा गर्ने यन्त्रहरू | १९ जुन, २०१९ | यन्त्रहरूको आपूर्ति भइसकेको |
| SN-03 | ललितपुर ढल संजाल | जुन १७, २०२० | निर्माण कार्य शुरु भएको |
| विकेन्द्रित फोहर पानी प्रशोधन प्रणाली (DEWATS): एशियाली विकास बैंकबाट प्राप्त सुझावहरू समावेश गरी डिजाइन तथा ठेक्कासम्बन्धी कागजातहरू परिमार्जन गरिएको | | | |


**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**
**आयोजना कार्यान्वयन निर्देशनालय अनामनगर, काठमाण्डौको अपिल**

*निकट भविष्यमा बहुप्रतिक्षित मेलम्चीको पानी काठमाण्डौ आइपुग्न लागेको छ। उक्त पानीलाई घरघरमा सहज वितरण गर्नको लागि यस निर्देशनालयबाट बिछ्याइएका पाइपलाइनहरू पानी संचालन गर्न सक्ने अवस्थामा रहनु पर्नेछ। तसर्थ आफ्नो घर वरपरका पाइपलाइनहरू सुरक्षित राखिदिनुहुन आयोजना कार्यान्वयन निर्देशनालय (KUKL/PID) हार्दिक अपिल गर्दछ। साथै आफ्नो घर वरपर कतै पाइपहरू टुटफुट भएको देखिएमा वा कसैले बिगार्न लागेको देखिएमा यस कार्यालयको टोल फ्रि नं. ११३९ मा खबर गरिदिनुहुन हार्दिक अनुरोध छ। गुनासा र सुझावको लागि फोन नं: ०१-५७०५७७१, ०१-५७०५९१६, ०१-५७०५१४८, फ्याक्स: ०१-५७०५०५७, www.kuklpid.org.np, www.facebook.com/kuklpid*